# दैवीप्रकोप उद्धार र पुनर्निर्माणका योजना तथा नीतिहरूको दलित दृष्टिकोणबाट समीक्षा

## परिचय र सन्दर्भ

नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, चट्याङ, शीतलहर, हिमताल विष्फोट, हिमपहिरो, आँधीबेहरी, खडेरी, अनिकाल जस्ता प्राकृतिक प्रकोपबाट प्रभावित हुँदै आएको छ । यसका साथै वर्ड फ्लू, महामारी, औद्योगिक दुर्घटना, विष्फोट, सडक दुर्घटना, विषादीसँग सम्बन्धित प्रकोपबाट वर्षेनी ठूलो जनधनको क्षति बेहोर्नु परेको छ । दैवीप्रकोप (उद्धार) ऐन, २०३९ ले भूकम्प, आगलागी, आँधीबेहरी, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै खालका प्राकृतिक प्रकोपलाई दैविक प्रकोपको रूपमा परिभाषित गरेको छ । त्यसैगरी, यसले औधोगिक दुर्घटना, विष्फोटक तथा विषाक्त पदार्थद्वारा हुने दुर्घटना र यस्तै अरू प्रकारका प्रकोपलाई पनि समेटेको छ ।

तथ्य र तथ्याङ्कलाई नियाल्दा विश्वव्यापी जोखिमको नक्सामा २० औं स्थानमा र पानीबाट सिर्जित बाढीपहिरो जस्ता जोखिमको ३० औं स्थानमा पर्दछ । भूकम्पीय जोखिमको दृष्टिकोणले नेपाल ११ औं स्थान र नेपालको मध्यभाग खासगरी काठमाण्डौं पहिलो स्थानमा पर्दछ (प्रकोपको संवेदनशीलता र जोखिम मुल्याङ्कन अध्ययन प्रतिवेदन, सन् २००४) । इसिमोड (सन् २००७) ले गरेको एक अध्ययन अनुसार, नेपालका २,३१५ हिमतालमध्ये २२ ओटा विष्फोटको निकटतम खतरामा रहेका छन् । विश्व बैंक (सन् २००५) को अध्ययनले नेपाललाई प्राकृतिक प्रकोपका घटनाहरू बढी दोहोरिरहने मुलुकमा राखेको छ । आगलागीका घटना खासगरी तराईका बस्ती तथा जङ्गलहरू मा वर्षेनी बढ्दो छ । यसरी बढिरहेको प्रकोपको तीव्र संवेदनशीलतालाई समाधान गर्ने ठोस उपायहरू जस्तैः क्षमता अभिवृद्धि, जोखिमका लागि तयारी अर्थपूर्ण हुन सकिरहेको छैन । नेपालको भौतिक पूर्वाधार प्रकोपका दृष्टिले निकै संवेदनशील मानिन्छ । एकातिर प्राकृतिक स्रोतहरू को उचित उपयोग गर्ने परम्परागत सीप र ज्ञानलाई बेवास्ता गर्दै जानु र अर्कोतिर आधुनिक निर्माण प्रविधिमा वृहत् ज्ञानको अभावले संवेदनशीलतालाई बढाएको छ । जनसङ्ख्याको तीव्र वृद्धि, बढ्दो सहरीकरण, आर्थिक अवसरहरू को सहरमा केन्द्रीकरण, वातावरणीय ह्रास, वायु तथा खानेपानीको प्रदुषण आदिले गर्दा प्रकोपको जोखिम वर्षेनी बढ्दै गइरहेको छ । यसखाले विभिन्न प्राकृतिक तथा मानवनिर्मित विपद्हरू लाई व्यवस्थापन गर्ने नेपालले कानुनी तथा नीतिगत व्यवस्थाहरू गरिरहेको छ । विपद् व्यवस्थापन दिग्दर्शन (२०७१) अनुसार २१ ओटा विपद् जोखिम व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित विद्यमान कानुनी व्यवस्था, ३३ ओटा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित विद्यमान कानुनी व्यवस्था र ८ ओटा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित सन्धिहरू को व्यवस्था सङ्ग्रह गरिएको छ ।

## अध्ययनको उद्देश्य

भूकम्प लगायतका प्राकृतिक प्रकोपबाट प्रभावित भइरहेको नेपालको सन्दर्भमा सरकारले विपद् व्यवस्थापनसँग सम्बन्धित लिएका नीति, योजना तथा कार्यक्रमहरू को समीक्षा गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । यो अध्ययन दलित दृष्ट्रिकोणबाट नीतिगत कमि, कार्यान्वनको अवस्था तथा हासिल भएका उपलब्धिहरू खोजी गर्न केन्द्रित छ । त्यसकारण, यस अध्ययनले योजना, कार्यक्रम तथा सरकारका कामकारवाहीमा भएका सम्भाब्य कमिलाई खोतल्ने र दलित समुदायलाई समेट्न आवश्यक सुझावहरू सिफारिस गर्ने रहेको छ । अध्ययनलाई दलित दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

यो अध्ययन नेपाल सरकारका विभिन्न प्रकोपसँग सम्बन्धित नीति, योजना तथा कार्यक्रमहरू को समीक्षामा आधारित छ । अध्ययनलाई अझ सजीव बनाउन ५ ओटा जिल्लाहरू (सुनसरी, सप्तरी, कैलाली, दोलखा र गोरखा) को स्थलगत अध्ययन गरिए पनि मूलतः द्वितीय सामग्रीको प्रयोग र विश्लेषण गरिएको छ । हरेक छानिएका जिल्लामा प्राकृतिक प्रकोपबाट प्रत्यक्ष प्रभावित भएका दलित समुदाय, राजनीतिक दलका प्रतिनिधिहरू , दलित नागरिक समाजका व्यक्तिहरू, जिल्लास्थित काम गर्ने गैससका प्रतिनिधिहरू लाई समेटेर एक-एक ओटा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । प्रत्येक जिल्लामा प्रजिअ र स्थानीय विकास अधिकारीसँग गरी २ ओटा गहन अन्तरवार्ता लिइएको थियो । अध्ययनको दौरानमा जम्मा ५ ओटा घटना अध्ययन गरिएको थियो । र, राष्ट्रियस्तरमा एउटा छलफल गरेर अध्ययनलाई अन्तिम रूप दिइएको हो ।

## प्राकृतिक प्रकोप र दलितसँग सम्बन्धित विद्यमान नीतिहरूको समीक्षा

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले प्रकाशित गरेको विपद् व्यवस्थापन दिग्दर्शन (२०७१) मा २१ ओटा विपद् जोखिम व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित विद्यमान कानुनी व्यवस्था, ३३ ओटा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित विद्यमान कानुनी व्यवस्था र ८ ओटा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित सन्धिहरूको व्यवस्थालाई समेटिएको छ । यी कानुनी तथा नीतिगत व्यवस्थालाई सिंहावलोकन गर्दा दैवी विपद् व्यवस्थापनको क्षेत्रमा विशिष्ट दलित केन्द्रित नीति तथा कानुनको अभाव खड्किरहेको महसुस हुन्छ । यस खण्डमा विपद् व्यवस्थापन र दलित समुदायको सवालसँग सम्बन्धित मुख्य कानुन र नीतिहरूलाई सक्षिप्तरूपमा समीक्षा गरिएको छ ।

## दैवीप्रकोप (उद्धार) ऐन, २०३९

नेपालमा विपद् व्यवस्थापन कार्यलाई सरकारी दायित्व र कार्यक्षेत्रमा राखी विपद् पूर्व र विपद्पछि गरिने उद्धार तथा राहतको कार्यलाई सहजरूपमा कार्यान्वयन गर्ने गराउने उद्देश्यले सर्वप्रथम २०३९ सालमा दैवीप्रकोप (उद्धार) ऐन लागु भएको हो । यस ऐनले विपद् व्यवस्थापन कार्यका लागि आवश्यक प्रशासनिक संरचना समेतको व्यवस्था गरेको देखिन्छ । यस ऐनमा दुई पटक संशोधन गरिएको भए तापनि पूर्वतयारी अल्पीकरण तथा विकास प्रयासहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने जस्ता नविनतम अवधारणाहरूलाई समावेश नगरिएबाट मौजुदा ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐनको निर्माण गर्न जरुरी देखिएको छ । यस ऐनले राहत र उद्धारलाई कार्यान्वनका अतिरिक्त तयारी र अल्पीकरणका उपायतर्फ जोड दिएको छ ।

## विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६

प्रकोपको जोखिम र विपद्को घटनाको असरलाई कम गर्न न्यूनीकरण, पूर्वतयारी, सचेतना अभिवृद्धिका उपायहरूलाई प्रभावकारीरूपमा अगाडि बढाउने र सबै तहमा प्रभावकारी पूर्वतयारीका क्रियाकलापहरू विकासगरी विकास जोखिम न्यूनीकरणको अवधारणालाई मूलप्रवाहीकरण गर्न आवश्यक मार्गदर्शन एवं प्रोत्साहन दिनु यस रणनीतिको दीर्घकालीन लक्ष्य रहेको छ । संस्थागत संरचनाहरूको विकास गर्ने, एकीकृत नीति तथा विकेन्द्रित कार्यान्वन प्रक्रियाको सिद्धान्त पालना गर्दै सबै सरोकारवालाको सहभागिता सुनिश्चत हुने नीतिगत र कानुनी व्यवस्थाको सुदृढीकरण गर्ने सहायक लक्ष्य रणनीतिमा समावेश गरिएको छ । त्यस्तै, रणनीतिमा राज्यको केन्द्रीय तहदेखि समाजको तल्लो तहसम्म विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीको योजना तर्जुमा र कार्यान्वयनमा सबल वातावरण सिर्जना गर्ने र क्षेत्रगत विकास तथा गरिबी निवारणका योजनाहरू सहित समग्र विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणसम्बन्धी रणनीतिलाई मूलप्रवाहीकरण गर्ने कार्यको सुनिश्चिता प्रदान गर्ने उद्देश्य समेटिएको छ । यस रणनीतिले सहभागिताको मर्मलाई वस्तुपरक बनाउँदै आगामी दिनमा विपद्को जोखिमलाई न्यूनीकरण गर्ने एउटा एकीकृत प्रयास हो । यस रणनीतिको एउटा उद्देश्य प्रकोप सक्षमता भएको समुदाय जसले सामाजिक, आर्थिक विकासलाई प्रयोग गर्न गरिबी निवारणमा सकरात्मक प्रभावसहितको सुरक्षित संस्कृतिको विकास गर्दै लैजाने रहेको छ । संस्थागत, नीतिगत तथा कानुनी व्यवस्थापन गरेर गरिबी निवारण र दिगो विकासको राष्ट्रिय लक्ष्य पूरा गर्न सरोकारवालाहरूको जीवन र जीविकोपार्जनमा संलग्न रहने प्रक्रियालाई समेटेको छ । यसमार्फत सामाजिक समानता, न्याय तथा समावेशिता र संवेदनशील समुदाय र संरचनाका लागि ठोस कार्ययोजना तयार गरिने अठोट लिएको छ । सीमान्तकृत समुदाय, दलित, वञ्चित, शारीरिक तथा मानसिकरूपमा समस्यामा परेका व्यक्ति र समुदायलाई विशेष व्यवस्था गर्ने उद्देश्य राखेको छ ।

विपद् जोखिम व्यस्थापनमा समाहित सबै नीति तथा कानुनहरूले राज्यले अङ्गीकार गरेका सबै लैङ्गिक र सामाजिक समावेशीकरणको सिद्धान्त र नीतिहरूलाई समाविष्ट गरिनुपर्ने व्यवस्था रहेको छ । यसका लागि पूर्व प्रकोप, प्रकोप चलिरहेको अवस्थामा र प्रकोपपछि तीनओटै अवस्थाको मूल्याङ्कन गरी विशेष वर्ग, जात वा जातीय समूहलाई विश्लेषण गरेर जटिलताको आधारमा आकस्मिक उद्धार र राहतको कार्यक्रम दिने कुरालाई रणनीतिले प्रष्ट व्याख्या गरेको छ । बालबालिका, महिला, वृद्ध-वृद्धा नागरिक, समुदायका कमजोर नागरिकहरूलाई विपद् व्यवस्थापनमा पहिलो प्राथमिकतामा राख्ने व्यवस्था गरिएको छ । जोखिममा परेका समूहहरूलाई विपद्का घटनाहरूमा के गर्ने, कहिले गर्ने जस्ता कुराहरू बुझ्न र निर्णय प्रक्रियामा सहभागी हुन सक्षम बनाइनेछ । विपद् कार्यक्रमको तयारी, जोखिम न्यूनीकरण, उद्धार र राहत, तथा प्रतिकार्य र पुनर्लाभमा सीमान्तकृत समूह, परिवार तथा सामाजिक र आर्थिक अधिकारबाट वञ्चित मानिसहरूलाई विशेष ध्यान पुऱ्याइनेछ ।

जीविकोपार्जन संरक्षण अन्तर्गत कामका लागि नगद, तालिमका लागि नगद जस्ता केही नमुना कामहरू अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना, वृद्धवृद्धा, दलित तथा सुविधाविहीन समूहलाई विपद् व्यवस्थापनको कार्यक्रममा प्राथमिकीकरण गरिएकाले सफल भएको पाइन्छ । क्षेत्रगत हिसाबले यो मुद्दा स्थापित भए पनि समग्र विपद्पछिको पुनर्लाभ कार्यक्रममा त्यति जोड दिइएको छैन ।

## भूकम्पसँग सम्बन्धित नीति तथा कानुनहरू

२०७२ बैसाख १२ गतेको विनाशकारी भूकम्पबाट विस्थापित व्यक्ति तथा परिवारहरूलाई पुनर्वास र पुनर्स्थापना गर्न र भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको तुरुन्तै निर्माण गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना गर्न भूकम्प प्रभावित संरचनाहरूको पुनर्निर्माणसंग सम्बन्धित ऐन, २०७२ जारी गरिएको हो । ऐनको दफा २ मा पुनर्निर्माण भन्नाले भूकम्पबाट क्षति पुगेका संरचनाको योजनाबद्ध र दिगो उत्थानशील तरिकाले आर्थिक, सामाजिक र भौतिक विकास, नयाँ निर्माणलाई परिभाषित गरिएको छ । ऐनमा राष्ट्रिय पुनर्निर्माण सल्लाहकार परिषद् जसमा पाँच जना सदस्यमध्ये दुई जना महिलाबाट रहने व्यवस्था छ । त्यस्तै केन्द्रीय स्टेरिङ्ग समिति, प्रमुख कार्यकारी अधिकृत, कोष परिचालन समिति, जिल्ला समन्वय समिति जसमा एकजना महिला र एकजना सामाजिक कार्यकर्ता रहने व्यवस्था गरिएको छ तर दलित प्रतिनिधित्वको लागि कुनै विशेष व्यवस्था गरेको पाइदैन ।

भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणका लागि सरकारी तथा गैरसरकारी निकायहरू, निजी क्षेत्र, सामुदायिक तथा स्वयंसेवी संस्थालाई समन्वयात्मक ढङ्गले परिचालन गर्ने कार्यलाई सहज बनाउन र निर्दिष्ट उद्देश्य प्राप्तिका लागि निर्देशित होस् भन्ने अभिप्रायले राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ तर्जुमा गरिएको हो । यसै नीति अन्तर्गत रहेर पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न सहयोग पुग्नेछ । यसैगरी यो नीतिले बहुआयामिक तथा अन्तरसम्बन्धित विषयहरूलाई सम्बोधन गर्न पनि सहयोग पुऱ्याउनेछ । यस नीतिले क्षेत्रगत र निकायगत (सरकारी, गैरसरकारी) एकरूपता कायम गरी पारदर्शी ढङ्गले सहयोग उपलब्ध गराउने तथा भूकम्प प्रभावित क्षेत्रका अति विपन्न परिवार, दलित, गर्भवती तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति, जोखिममा रहेका बालबालिका, जेष्ठ नागरिकका विशेष आवश्यकताको पहिचान गरी उपयुक्त कार्यक्रम तर्जुमा गर्ने मार्गदर्शक सिद्धान्त अवलम्बन गरेको छ ।

भूकम्पबाट प्रभावित क्षेत्रका जोखिममा रहेका व्यक्ति र समुदायको संरक्षण तथा उत्थान गर्ने रणनीतिअन्तर्गत भूकम्पबाट पीडित महिला, बालबालिका, सीमान्तकृत तथा विपन्न वर्गको उत्थानका लागि उनीहरूको

इच्छा र आवश्यकताका आधारमा स्वास्थ्य सेवा, रोजगारीमूलक सीप विकास तथा तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने र भूकम्पबाट प्रभावित क्षेत्रका आर्थिकरूपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कुरामा जोड दिएको छ । भूकम्पबाट पीडित महिला, बालबालिका, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा विपन्न वर्गको उत्थानका लागि उनीहरूको इच्छा र आवश्यकताका आधारमा स्वास्थ्य सेवा, स्वरोजगारमूलक सीप विकास तथा तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने, आर्थिकरूपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहको वित्तीय साधनमा पहुँच बढाइनेछ । वित्तीय साधनमा पहुँच नभएका व्यक्तिलाई वचत तथा ऋण समूह गठन गर्न सहयोग गरिनेछ । उपर्युक्त नीति कार्यान्वयनका लागि मूलतः स्थानीय निकाय, समूह, समुदायको स्वामित्व र अपनत्वका आधारमा स्थानीय साधन स्रोतको अधिकतम उपयोग; संस्कृति र परम्पराको जगेर्ना; आपसी समन्वय, सद्भाव र सहकार्यलाई प्रोत्साहित गर्दै स्थानीयस्तरमा रहने कार्यान्वयन तहलाई अधिकार सम्पन्न बनाई केन्द्रीय निकायको भूमिकालाई प्रतिबद्ध सहयोगी, सहजकर्ता, अनुगमन तथा मूल्याङ्कनकर्ताको रूपमा क्रियाशील बनाइनेछ । विभिन्न तहमा निर्वाह गर्नुपर्ने भूमिका सहित प्राधिकरण अन्तर्गत परामर्श परिषद्, निर्देशक समिति र कार्यकारी समितिको व्यवस्था गरिने व्यवस्था भए तापनि दलित समुदायबाट यी संयन्त्रमा प्रतिनिधित्वको सवालमा नीति मौन रहेको छ ।

विपद्पछिको पुनर्स्थापना ढाँचा, सन् २०१६ देखि २०२० राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सरोकारवालाहरूको परामर्शमा पुनर्निर्माण र पुनर्स्थापनालाई कार्यान्वन गर्न व्यवस्थित गरिएको हो । यसले पुनर्निर्माणको विकेन्द्रिकृत कार्यान्वयनलाई आधार प्रदान गर्ने जसले गर्दा स्थानीय सामग्री, फर्निचर, ज्ञान, सीप तथा परम्परागत प्रविधिको प्रयोगलाई अभिप्रेरित गर्दछ । यसअन्तर्गत अफ्ना राम्रो घर बनाऊ भन्ने सिद्धान्त अनुसार पुनर्निर्माणलाई निर्देशित गर्दछ । यसले अवलम्बन गरेका निर्देशिकाअनुसार भेदभावमुक्त र पारदर्शितालाई कायम गर्दै भूकम्प प्रभावित परिवारलाई सहयोग पुऱ्याउने रहेको छ । तथापि, विपन्न, दलित, गर्भवती महिला, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, बालबालिका र जोखिममा रहेका वृद्धवृद्धा नागरिकहरूलाई विशेष सहयोग पुऱ्याइने व्यवस्था पनि गरिएको छ । यसखाले पुनर्निर्माण र पुनर्स्थापनाका क्रियाकलापलाई अगाडि बढाउँदा परम्परागत ज्ञान, सीप तथा पुनर्स्थानान्तरण गर्दा उनीहरूको आवश्यकतालाई समेत मध्यनजर गरिने व्यवस्था गरिएको छ । र, यी सबै पुर्ननिर्माण तथा नयाँ निर्माणका कार्यमा स्थापित भौगर्भिक मान्यतालाई मुख्य आधार बनाइ अनुगमन गरिने कुरा उल्लेख गरिएको छ ।

भूकम्प तथा प्रकोपबाट उत्पन्न विपद्बाट पार पाउन विभिन्न नीति कार्यान्वयनका उपागमहरूलाई अङगीकार गरिएको छ । जस्तै, मालिक नियन्त्रित पुनर्निर्माण, गाउँहरूको स्थानान्तरण गर्ने, एकीकृत वासस्थान निर्माण, साँस्कृतिक वा ऐतिहासिक बसाइँलाई सुधार गर्न पुनर्निर्माण, भवन निर्माण संहिता र विपद् जोखिम अल्पिकरणका उपायहरूको प्रयोग, नगद हस्तान्तरण, जीविकोपार्जनमा सहयोग, समुदायसम्म उपस्थिति, सामाजिक समावेशीकरण, सक्षमता अभिवृद्धि, वातावरणीय र सामाजिक सुरक्षा । यीमध्ये दलितहरूको सन्दर्भमा सबै नै महत्त्वपूर्ण रहे पनि सामाजिक समावेशीकरण, सक्षमता अभिवृद्धि, वातावरणीय र सामाजिक सुरक्षा, मालिक नियन्त्रित पुनर्निर्माण, जीविकोपार्जनमा सहयोग जस्ता उपागमहरू ज्यादै उपयोगी मानिन्छन् ।

## स्थलगत अध्ययनको नतिजा

विपद्बाट प्रभावित समुदायहरूको शसक्तीकरणका साथसाथै उनीहरूको प्रतिनिधित्वलाई नीति तथा प्रक्रियामा समावेश गर्न दैवीप्रकोप (उद्धार) ऐन, २०३९ लाई संशोधन गर्नुपर्ने देखिन्छ । बाढीबाट प्रभावित दलित समुदायको पुनर्स्थापनाका निम्ति सरकारी नीतिको आवश्यकता छ । बाढी, खडेरी, आगलागी, चट्याङ जस्ता प्राकृतिक प्रकोपबाट हरेक वर्ष १००० देखि १५०० घरधुरी प्रभावित छन् मधेसमा । देशमा सूचनाको हकसम्बन्धी कानुनी प्रावधान भए पनि तल्लो तह (नचबककचययतक) का दलित समुदाय सरकारका प्राकृतिक प्रकोपसँग सम्बन्धित नीति तथा कार्यक्रमबारे सचेत छैनन् । आर्थिक अवस्था कमजोर भएकाले फूको घर बनाएर झुप्प बस्तीमा बस्नुपर्ने बाध्यता छ । जुन आगलागीका दृष्टिले निकै संवेदनशील भएकाले वर्षेनी सुख्खा सिजनमा ठूलो जनधनको क्षति हुँदै आएको छ । शीतलहरका कारण वर्षेनी ३० देखि ३५ जना तराईका दलितहरूले आफ्नो जीवन गुमाउनु परेको छ । राहतको लागि माग गर्दा सरकारले अस्पतालको मृत्यू भएको प्रमाणपत्र माग्छ । घरमै कठाङ्ग्रिएर जीवन गुमाएका ती दलितहरूले कहाँबाट मृत्यू भएको प्रमाणपत्र ल्याउने ? यस्ता प्राविधक कठिनाइहरूले गर्दा अन्ततः दलितहरू राहतबाट पनि वञ्चित छन् । अर्कोतिर राजनीतिक पार्टीहरूको प्राकृतिक प्रकोपबाट दलित घरधुरी पहिचान गर्न राजनीतिक पार्टीहरूको मारमा दलित समुदाय पर्दै आएका छन् । राजनीतिक पार्टीको जिल्लास्तरको नेतृत्वदायी भूमिकामा दलित समुदायबाट नभएकाले प्राकृतिक विपद्बारे पार्टीहरूले गरेका कामबारे उनीहरू सूचित छैनन् । प्रहरी, गाविस सचिवहरू तथा सामाजिक परिचालकहरूले समेत विभेद गरेकाले बाढीबाट प्रभावित डोम जातिको तथ्याङ्क जिल्ला दैवीप्रकोप समितिसम्म पुग्न सकेको छैन । केही गैरसरकारी संस्थाले समेत प्राकृतिक विपद्बाट प्रभावित गर्भवती दलित महिलाई विभेद गरेको अवस्था छ । राज्य नै तराई दलितप्रति सधैं उदासीन छ । त्यसैले, बाढी, शीतलहर, खडेरी आदिबाट वर्षेनी क्षति हुँदासमेत रमिते मात्र बनेको उनीहरूको आरोप छ ।

प्राकृतिक विपद्लाई सम्बोधन गर्ने सरकारी नीतिमै समस्या छ । यसका लागि समावेशी संयन्त्र बनाएर कार्यान्वयनमा लानुपर्छ । विपद्का लागि विनियोजित ५ प्रतिशत बजेटमा पनि परिचालन र अनुगमनको खाँचो छ । प्राकृतिक विपद् प्रभावितलाई बजेट विनियोजनमा पनि समस्या रहेको स्थानीयहरूको गुनासो रहेको छ । जसको राहतमा पहुँच छ उनीहरूले नै पाइरहेका छन् भन्ने आरोप छ । त्यसकारण उनीहरूले समावेशी, दलितमैत्री, सवाल विशिष्टता, पीडितको क्षति तथा उनीहरूको आर्थिक अवस्थालाई राहत वितरणको मापदण्ड बनाइनुपर्ने माग रहेको छ । त्यसैगरी भूकम्प पीडितहरूलाई राहत वितरणमा दलित समुदायलाई विभेद भएका गुनासाहरू पनि प्रशस्त छन् । जग्गाधनी पुर्जा नहुने दलित समुदायहरू घर निर्माण गर्न पाउने सरकारी राहतबाट वञ्चित हुनुपरेको छ । राजनीतिक प्रभावका आधारमा गलत तथ्याङ्क राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा बुझाइएको उनीहरूको आरोप छ । प्राकृतिक विपद्बाट प्रभावित पीडित दलितहरूलाई बैकल्पिक व्यवस्थापनको विशेष व्यवस्था हुनुपर्छ । दैवीप्रकोप राहतको स्थानीयदेखि केन्द्रीय तहसम्म दलित समुदायका पीडितहरूको प्रतिनिधित्व सुनिश्चित गर्न राष्ट्रिय दलित आयोग, दलित विकास वोर्ड, संयुक्त दलित राजनीतिक सङ्घर्ष समितिले आफ्नो भूमिकालाई सक्रिय बनाउनुपर्ने देखिन्छ ।

## निष्कर्ष

प्राकृतिक तथा मानवनिर्मित विपद्हरूलाई व्यवस्थापन गर्न नेपालले कानुनी तथा नीतिगत व्यवस्थाहरू गरिरहेको छ तर उपयुक्त कानुनी तथा नीतिगत व्यवस्थाले दलित समुदाय लगायतका जोखिममा रहेका वर्ग समुदायलाई समेट्न खोजे पनि विशेषरूपमा समेट्न अझै सकेको छैन ।

दलित समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्न हाल प्राकृतिक प्रकोपसँग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्थालाई संशोधन गर्नुपर्ने देखिन्छ । सरकारी नीतिले बाढीबाट प्रभावित दलित समुदायको पुनर्स्थापना र बैकल्पिक आयआर्जनको ग्यारेण्टी गरिनुपर्दछ । स्थानीय विपद् व्यवस्थापन समिति समावेशी भए पनि भुइँ तहमा रहेका दलित समुदाय प्राकृतिक विपद्सम्बन्धी भएका कानुनी तथा नीतिगत व्यवस्थाहरू बारे जानकार छैनन् । दयनीय आर्थिक अवस्थाका कारण गर्मी सुख्खा सिजनमा पनि 'फूस'ले बनेका बाक्लो आगलागीका हिसाबले उच्च जोखिमयुक्त बस्तीमा बस्न बाध्य छन् । शीतलहरका कारण वर्षेनी ३० देखि ३५ जना तराईका दलितहरूले आफ्नो जीवन गुमाउनु परेको छ । राहतको लागि माग गर्दा सरकारले अस्पतालको मृत्यू भएको प्रमाणपत्र माग्दा घरमै कठाङ्ग्रिएर जीवन गुमाएका दलितहरूले मृत्यू भएको प्रमाणपत्र ल्याउन सक्ने अवस्था छैन । यस्ता प्रावधिक कठिनाइहरूले गर्दा अन्ततः दलितहरू राहतबाट पनि वञ्चित छन् ।

राजनीतिक दलहरूको एकाधिकार र द्वन्द्वले गर्दा प्राकृति प्रकोपबाट प्रभावित पीडितहरूको वास्ताविक पहिचान र त्यसपछि गरिने राहत वितरण नै प्रभावित भएको छ । जसको परिणाम अपारदर्शिता मौलाएको र वास्तविक पीडितहरू राहतबाट वञ्चित भएका छन् । राजनीतिक पार्टीको जिल्लास्तरको नेतृत्वदायी भूमिकामा दलित समुदायबाट नभएकाले प्राकृतिक विपद्बारे पार्टीहरूले गरेका कामबारे उनीहरू सूचित छैनन् । खासगरी भूकम्पसम्बन्धी राहत र पुनर्निर्माणका लागि अनुचित राजनीतिक प्रभावको आधारमा झुट्टा विपद् पीडितहरूको तथ्याङ्क केन्द्रमा पठाइएको अवस्था छ ।

## सुझावहरू

प्राकृतिक विपद्सँग सम्बन्धित कानुनहरूमा प्रभावित तथा पीडित दलित समुदायलाई बैकल्पिक व्यवस्थापनका साथसाथै विशेष क्षतिपूर्तिको व्यवस्था गरिनुपर्दछ । विपद् जोखिम उद्धारका लागि गाविसस्तरमा ५ प्रतिशत विनियोजन गरिएको भए पनि त्यसको उचित परिचालन र अनुगमनलाई जोड दिन जरूरी छ । तराई क्षेत्रमा आगलागीको जोखिमबाट दलित बस्तीलाई जोगाउन खाना पकाउने बैकल्पिक इन्धनको व्यवस्था सरकार वा अन्य निकायबाट तत्काल गरिनुपर्दछ । उच्च प्राकृतिक विपद्को जोखिममा रहेका बस्तीमा सचेतना तथा पूर्व जानकारीको संयन्त्र स्थापना गरिनुपर्दछ । विपद्बाट पीडितको स्तरीकरण गर्दा वास्तविक पीडितलाई आधार मानेर गरिनुपर्छ र सोलो डोलो विधिबाट होइन कि खास पीडितको आवश्यकता पहिचानका आधारमा राहत वितरण गरिनुपर्दछ । दैवीप्रकोप राहतको स्थानीयदेखि केन्द्रीय तहसम्म दलित समुदायका पीडितहरूको प्रतिनिधित्व सुनिश्चित गर्न राष्ट्रिय दलित आयोग, दलित विकास वोर्ड, संयुक्त दलित राजनीतिक सङ्घर्ष समितिले आफ्नो भूमिकालाई सक्रिय बनाउनुपर्दछ । नदी किनारका जोखिममा रहेका दलित बस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तर गर्न राज्यले तत्काल पहल लिनुपर्दछ । दलित सांसदहरूले दैवीप्रकोपसँग सम्बन्धित कानुनहरूलाई दलितमैत्री हिसाबले संशोधन गर्न जोड दिनुपर्छ । विपद्बाट पीडित दलितहरूलाई बैकल्पिक आय आर्जनको व्यवस्थापन गर्न सम्बन्धित निकायहरूको ध्यान जानुपर्छ । भूकम्पबाट दलित र भौतिकरूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई सामुहिक बासस्थानको व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनुपर्दछ ।

### References


Act Relating to Reconstruction of the Earthquake affected Structures, 2015

ICIMOD (2007), Disaster Preparedness for Natural Hazards: Current Status in Nepal (a consultancy report by Bhubanesh Kumar Pradhan), Kathmandu.

Local Self Governance Act, 1999

National Reconstruction and Recovery Policy 2015

National Strategy for Disaster Risk Management, 2009

Natural Calamities (Relief) Act, 1982

Post Disaster Need Assessment, 2015

Post Disaster Recovery Framework, 2016-2020

UNDP (2009). National Strategy for Disaster Risk Management in Nepal. Government of Nepal.

UNDP/BCPR (2004), A Global Report Reducing Disaster Risk-A Challenge for Development, United Nations Development Programmeme, Bureau for crisis Prevention and Recovery, Geneva.

World Bank. 2005. Global Facility for Disaster Reduction and Recovery, Progress Report 1, World Bank, www.worldbank.org.


## आवाज परियोजनाका साझेदार संस्थाहरू


**नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ**
बखुण्डोल, ललितपुर ।
फोन : ०१-५५३९९४१/५५२३६९४
फ्याक्स : ०१-५५५४७५२
E-mail: nndswo@wlink.com.np
Website: nndswo.org.np

**मधेशी दलित विकास महासंघ**
क्षेत्रीय कार्यालय, राजविराज, सप्तरी ।
फोन : ०३१-५२३३६६५,
फ्याक्स : ०३१-५२३३६६५
E-mail: mddfk2062@gmail.com

**जागरण मिडिया सेन्टर**
नयाँ बानेश्वर, काठमाडौं ।
फोन: ०१-५१७२८५१, फ्याक्स: ०१-५१७२६९७
E-mail: info@jagaranmedia.org.np
Website: jagaranmedia.org.np

**राष्ट्रिय दलित नेटवर्क**
कैलाली, धनगढी ।
फोन : ०९१-५२०६०४,
फ्याक्स : ०९१-५२०६०४
E-mail: rdnnepal@yahoo.com

**समता फाउण्डेशन**
सानेपा-२, ललितपुर ।
फोन: ०१-५५२०८५१, ०१-५५२१७१५
E-mail: info@samatafoundation.org
Website: samatafoundation.org